# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

**मिति : २०७६।०८।१९**

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं कान्तिपुर दैनिकका उपसम्पादक अवधेशकुमार झाको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपास्थित निवासमा प्रहरीले बिनाकारण खानतलासी गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

केन्द्रीय सदस्य झाको हजुरआमा एक्लै रहेको अवस्थामा मंसिर १८ गते बिना सूचना घरमा प्रवेश गरी प्रहरीले दुई पटक खानतलासी गरेका थिए ।

व्यावसायिक रुपमा पत्रकारिता गरिरहेका झाको निवासमा प्रहरीले देखाएको हर्कत निन्दनीय र आपत्तिजनक छ । प्रहरीको यस्तो कार्यले प्रेस स्वतन्त्रतामाथि प्रहार भएको महासंघको ठहर छ । महासंघ यो घटनाको छानबिन गरी दोषीलाई कानुनी कारबाहीको माग गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org